मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

**हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १०० प्रतिशत अनुदानमा कृषि विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना।**

प्रथम पटक प्रकाशन मितिः- २०८१।०८।०३ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १०० प्रतिशत अनुदानमा कृषि विकास कार्यक्रम** संचालन गर्न कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरुले सूचना प्रकाशन भएको मितिले २१ औं दिन भित्र (मिति २०८१/०८/२३ गते सम्म) तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

आवश्यक कागजातहरुः

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. आवेदकले नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. हरुवा, चरुवा, दलित भएको प्रमाणको लागि स्थानीय तहको सिफारिस वा हरुवा, चरुवा, दलित खुल्ने अन्य प्रमाण भए प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. आफ्नो जग्गा भए लालपुर्जा प्रतिलिपि नभए खेती गर्ने जग्गा भाडा/लिजमा लिएको भए कित्ता नं खुल्ने गरी आधारिक भाडाका कागजपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. सम्वन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारिस पत्र ।
६. संचालन गर्न माँग गरेको कृयाकलापहरुको कृयाकलाप अनुसारको लागत अनुमान पेश गर्नु पर्नेछ ।

अनुदानका शर्तहरुः

१. हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरुले तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" मा मात्र आवेदन दिन सक्ने छन।
   क. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत उन्नत बिउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य उत्पादन समाग्री, कृषि औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन, तालिम तथा क्षमता अभिवृद्धि ।
२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिइको स्व-घोषणा पत्र ।
३. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेकोलाई प्राथमिक्ता दिईनेछ ।
४. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ ।

कृषि ज्ञान केन्द्र, सिरहा

**नरेन्द्र कुमार महासेठ**
**प्रमुख**